# फूलको सुगन्ध

## हाइकुसङ्ग्रह

विष्णुप्रसाद पन्त

प्रकाशक : गुणनिधि पन्त स्मृति प्रतिष्ठान

लेखक : विष्णुप्रसाद पन्त

सम्पादक: डा. विष्णुकुमार खत्री

संस्करण : पहिलो, २०७८

मूल्य रू.: १२०।-

कम्प्युटर : जि.के. कम्प्युटर, चाबहिल

# सुन्दर हाइकु

नेपाली भाषामा कविता, नियात्रा लगायतका विषयमा सुन्दर रचनाहरू प्रस्तुत गरेर एउटा जिज्ञासु र क्रियाशील स्रष्टाका रूपमा परिचित रहनुभएका श्री विष्णुप्रसाद पन्त अहिले 'फूलको सुगन्ध' हाइकुसङ्ग्रह लिएर उपस्थित हुनुहुँदै छ । उहाँले आफ्नो अवकाश प्राप्त जीवनलाई पूर्णतः सदुपयोग गरेर निरन्तर साहित्य साधनामा लीन हुने इच्छा र योजनापश्चात् रचिएका कृतिहरूका निकै सङ्ख्या नेपाली साहित्य भण्डारमा सुम्पनुभएको छ । सरलता, चिन्तनशीलता र अनुभूतिको रङ्गले सजिएका उहाँका कृतिहरू पठनीय र रोचक लाग्दछन् । नयाँ प्रयोगतर्फ विशेष आकर्षित रहने उहाँको स्वभाव र जिज्ञासाले पछिल्लो पटक हाइकु सृजनातर्फ साधनाशील बनाएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा सवा तीन सय अधिक हाइकु समेटिएका छन् ।

हाइकु जापानी परम्पराको लघुतम कविताको आयाम हो । जम्मा तीन हरफका सत्र अक्षरमा रचिने हाइकुमा प्रकृति र मानव जीवनलाई समीकरण गरिएको

हुन्छ नाटकीय ढङ्गमा । यद्यपि नेपाली हाइकुले जापानी मर्मलाई कति मात्रामा आत्मसात् गर्नसके त्यसको लेखाजोखा आफ्नै ठाउँमा होला तथापि नेपालीमा हाइकु लेखनतर्फ ठुलै जमात क्रियाशील रहेको पाइन्छ । अनेक सङ्ग्रहहरू प्रकाशनमा आएका छन् । यसै शृङ्खलामा साहित्यकार श्री विष्णुप्रसाद पन्त पनि सशक्त रूपमा उभिनुभएको छ । उहाँका हाइकु रचना सरल छन् तर मर्ममय छन् । जीवन भोगाइका क्रममा आफूले अनुभूत गरेका विविध विचार सन्दर्भका अभिव्यक्तिलाई सुन्दर पाराले प्रस्तुत गरिएको छ । म उहाँलाई हार्दिक स्वागत गर्दछु ।

फूलको सुगन्धभित्र शृङ्गारिक, राजनीतिक, प्राकृतिक, पारिवारिक विषय तथा राष्ट्रप्रेम, मानवीय व्यवहार र स्वभावलाई मुख्य रूपमा समेटिएका हाइकुहरू रहेका छन् । व्यङ्ग्यात्मकताले यहाँका अधिकांश हाइकु सिँगारिएका छन् । एउटा स्रष्टाले संसारलाई, समयलाई कसरी हेरेको-बुझेको हुन्छ भन्ने जिज्ञासाको सहज उत्तर यहाँ प्रस्तुत हाइकुहरूमा पाउन सकिन्छ । केही नमुना हेरौँ :

झरीपछिको
घामको छुट्टै मजा
आनन्द लिऔँ ।

फूलको सँगै
काँडा पनि होला नि
विचार गरौँ ।

श्रीमती नेतृ
घरमा छैन वास
शनिको दशा ।

आमाको पीडा
आमा बने बुझिन्छ
नत्र बुझिन्न ।

नेताको बोली
तस्बिरको जिलेबी
काम हुँदैन ।

उल्लेखनीय हाइकुहरू धेरै छन् । पारखी पाठकले यसलाई स्वादपूर्वक ग्रहण गर्ने कुरामा विश्वस्त बन्दै म साधक श्री विष्णुप्रसाद पन्तज्यूलाई बधाई ज्ञापन गर्छु र सृजनात्मक निरन्तरताको कामना गर्दछु ।

२०७८ वैशाख १६ डा. शैलेन्दुप्रकाश नेपाल
टोखा न.पा.-५,
वसुन्धरा ।

# मेरो भनाइ

मलाई छन्द कविता नै विशेष मन पर्छ तथापि अन्य कविता पनि पाएसम्म पढ्न छोड्दिन । हाइकु कविताको पुस्तक मेरो हातमा पहिलो पटक पर्दा अलि फरक अनुभूति भयो । एउटा पुस्तक पूरै पढेँ । नयाँ पुस्तक पाएपछि पूरै पढी नसकी थन्क्याउने मेरो बानी छैन । यस्तै गरी अरू दुई तीनओटा पुस्तकहरू पढेपछि मलाई पनि हाइकु कविता लेख्ने इच्छा जाग्यो । लेख्ने प्रयास गरेँ । लेख्दै जाँदा केही सङ्ख्यामा हाइकुहरू लेख्न पुगेँ । लेखेका हाइकुहरू डा. विष्णुकुमार खत्रीज्यूलाई देखाएँ र केही पढेर पनि सुनाएँ । त्यसपछि पुस्तकको रूपमा प्रकाशित गर्ने सल्लाह भयो । कम्प्युटर टाइप गर्न कालिदास पाण्डेज्यूलाई दिएँ । सम्पादन कार्य डा. विष्णुकुमार खत्रीज्यूले नै गर्नुभयो । भूमिका लेख्न डा. शैलेन्दुप्रकाश नेपालज्यूसँग अनुरोध गरियो । आफ्नो व्यस्त समयलाई खर्चेर डा. शैलेन्दुप्रकाश नेपालज्यूले यस पुस्तकको अध्ययन गरेर अत्यन्त गहकिलो र सार गर्भित भूमिका लेख्नुभई सहयोग पुऱ्याउनु भएकोमा उहाँप्रति आभार प्रकट गर्दछु। डा. विष्णुकुमार खत्रीज्यूले यस पुस्तकलाई तयार गर्ने क्रममा सम्पादनको

महत्त्वपूर्ण कार्य गर्नुभई सहयोग गर्नुभएकोमा उहाँलाई म कहिल्यै बिर्सिन सक्दिन । उहाँको सहयोगबाट नै यो पुस्तक यस आकारमा बन्न सकेको हो । कम्प्युटर टाइप गरी पुस्तकको आकार दिने कार्य विशेष प्राथमिकताका साथ गरी सहयोग गर्नुभएकोमा कालिदास पाण्डेज्यूप्रति धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस हाइकु सङ्ग्रहलाई तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र सल्लाह दिने सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद दिन चाहन्छु । यो हाइकुसङ्ग्रह यहाँहरू सबैको माझमा पस्केको छु । कमिकमजोरी केलाइदिनुहुन र सुझाव दिई सहयोग गरिदिनहुन अनुरोध गर्दछु । धन्यवाद !

विष्णुप्रसाद पन्त

आफू बाँचेर
अरूलाई बचाऔँ
मानव धर्म ।
।१।

समयलाई
सदुपयोग गरौँ
खेर नफालौँ ।
।२।

आफ्नो बारेमा
आफैँ डाक्टर बनौँ
बानी सुधारौँ ।
।३।

समय बुझौँ
ठिक कार्य गरौँ है
सबै जनाले ।
।४।

औषधीलाई
नमिठोका रूपमा
लिनु हुँदैन ।
।५।

ज्ञानगुनका
कुरालाई लिनुछ
जोसँग पनि ।
।६।

धेरै बोल्नेले
आफ्नो कम्जोरी खोल्छ
होस गरौं है ।
।७।

झरीपछिको
घामको छुट्टै मज्जा
आनन्द लिऔं ।
।८।

भोक लागेको
नबुझ्नेले मिठोको
अर्थ बुझ्दैन ।
।९।

लुटी खानेले
गरी खान चाहन्न
सधैँ चल्ला त ।
।१०।

माग्ने मान्छेको
इज्जत रहँदैन
कसको छ र !
।११।

फूलको सँगै
काँडा पनि होला नि
विचार गरौँ ।
।१२।

आफ्नो बारेमा
अरूले के गर्दै छ
सजग बनौँ ।
।१३।

पानीको फोका
मानिसको जीवन
फुटि पो हाल्छ ।
।१४।

सधैँभरिको
पीडा खप्न गाह्रो छ
सँगै नबसौँ ।
।१५।

हुनेमा चिन्ता
नहुनेमा सुख छ
के गर्ने होला !
।१६।

खाली हातले
जानुछ किन चिन्ता
जे हुन्छ होस् !
।१७।

भत्काउनेले
बनाउन सक्नुपर्छ
व्यर्थको फुर्ती ।
।१८।

मुसाले सधैँ
बिगार मात्र गर्छ
गरोस् पनि के ।
।१९।

मिठो बोलीले
सबैको मनलाई
जित्न सकिन्छ ।
।२०।

आँखा चिम्लिँदा
आफैँभित्र देखिन्छ
ध्यानको यात्रा ।
।२१।

धनको रक्षा
गरेमा सुख मिल्छ
ठिक प्रयोग ।
।२२।

मित्रता गर्दा
समान खोज्नुपर्छ
नत्र बिग्रन्छ ।
।२३।

परेर बुझ्ने
मूर्ख मात्र हुन्छ
देखेर बुझौँ ।
।२४।

रसिलो ओठ
मुटुमा लाग्छ चोट
मान्छेको खोट ।
।२५।

उध्रेको चोली
हेरिरहेछ लोभी
गल्ती भयो कि ?
।२६।

फुस्रो आङमा
मलमल कपडा
कति टिक्ने हो ?
।२७।

श्रीमती नेतृ
घरमा छैन बास
शनिको दशा ।
।२८।

गणतन्त्रमा
भनेको कसले टेर्ने
सबै नै जान्ने ।
।२९।

एक्लो मानिस
बाटामुनिको घर
सधैँको डर ।
।३०।

आफूले जोडे
दैवले लगिदियो
रित्तो जीवन ।
।३१।

आयो कोरोना
सबैलाई तर्सायो
हुनु नै थियो ।
।३२।

सँगै बसेको
धेरै वर्ष बितेछ
थाहै भएन ।
।३३।

सफा पानीले
सबै सफा गर्दछ
मन गर्दैन ।
।३४।

नशामा हुँदा
बोलेका कुरालाई
सही नठानौँ ।
।३५।

सेवा गर्नेले
फाइदा हेर्नुहुन्न
कर्तव्य ठानौँ ।
।३६।

उल्टो हिँडेर
लामो यात्रा गरिन्न
सबैले बुझौँ ।
।३७।

सहारा खोज्नु
कमजोर हुनु हो
लहरा जस्तै ।
।३८।

कठोर बन्दा
सहयोग मिल्दैन
एक्लो भइन्छ ।
।३९।

असल बनौँ
सबैले आफ्नो ठान्छन्
बाँच्नुको मजा ।
।४०।

अभाव हुँदा
चाहना बढी हुन्छ
पूरा हुँदैन ।
।४१।

साँच्नुको भन्दा
बाँच्नुको अर्थ हुन्छ
हाँसेर बाँचौं ।
।४२।

व्यर्थको रिस
आफैँलाई बिगार्छ
बुझ्दैन मान्छे ।
।४३।

शरीरलाई
कष्ट नहुने गरी
काम गर्नुछ ।
।४४।

जवानी हुँदा
होस पुऱ्याउनुछ
नत्र  नासिन्छ ।
।४५।

जीवन सधैँ
खुसीमा रहँदैन
पीडा हुन्छ नै ।
।४६।

पीडा सहेर
हाँस्न कठिन हुन्छ
थोरैले सक्छन् ।
।४७।

ईर्ष्या गर्नेको
जीवन सुखी हुन्न
प्रगति हुन्न ।
।४८।

यौवन आयो
गिद्धहरूको भिड
लुछ्ने त हो नि ।
।४९।

छालाका लागि
प्रेम गर्नेहरूले
धोखा दिने हो ।
।५०।

बिहे गर्दैमा
प्रेम हुन सक्दैन
सम्झौता मात्र ।
।५१।

फक्रेर झर्ने
फूल झैँ हो जीवन
छोटो आयुको ।
।५२।

दियोको बत्ती
नारीको जीवन हो
बल्दै सकिने ।
।५३।

दिनको लागि
बाँचेका जीवन यो
आशा नगरौँ ।
।५४।

खुला आकाश
झरी सकिएपछि
हँसिलो मान्छे ।
।५५।

जवानी छँदा
सबै राम्रो देखिने
फूल फुले झैँ ।
।५६।

भाग मिलाऊ
ढुकुटी खाली पार
के नै हुन्छ र ?
।५७।

खानका लागि
सबैको एकमत
हुनै पर्‍यो नि ।
।५८।

जीवनभरि
राष्ट्रिय सम्पत्तिको
मोज गर्ने हो ।
।५९।

असल काम
धेरै नै गरे पनि
नदेख्ने बानी ।
।६०।

थोरै खराब
काम गर्नाले पनि
सबैले देख्ने ।
।६१।

सानाले बोल्दा
हावामा हराउने
राम्रो बोले नि !
।६२।

ठूलाको बोली
सुन्छन् कान नै खोली
जे बोले पनि ।
।६३।

कोही मार्दै छ
कोही बचाउँदै छ
चिन्ता नलिनू ।
।६४।

फाटेको भोटो
खिचिँदै थिए फोटो
नगरौँ त्यसो ।
।६५।

भ्रष्ट सोचले
प्रस्ट काम गर्ला त
गारै पर्ला कि ?
।६६।

रात परेछ
दिन बितिसकेछ
बेहोसमा नै ।
।६७।

रहर छैन
कहरमा गर्नुछ
व्यर्थै जीवन ।
।६८।

सम्झँदा पीडा
बिर्सन गाह्रो हुने
बाँच्ने कसरी ।
।६९।

सपना देखौँ
गर्दै अगाडि बढौँ
सफल हुन्छौँ ।
।७०।

अगाडि बढौँ
बाटो आफैँ खुल्नेछ
शिखर पुग्छौँ ।
।७१।

धन बोकेर
लान नमिल्ने रे'छ
आत्माको साथ ।
।७२।

मिलेर बसे
सबैको जाति हुने
तर बस्ने को ?
।७३।

सबैको राम्रो
हुने काम गरौँ न
कसले रोक्छ ।
।७४।

माया बाँडेर
कति पनि घट्दैन
बरु बढ्छ पो ।
।७५।

राम्रो सोचेमा
सबै राम्रो देखिन्छ
सोच बदलौँ ।
।७६।

अरूको पनि
इज्जत गर्‍यो भने
आफ्नो हुन्छ नै ।
।७७।

एक्लै होइन
बाँडेर खाने गरौँ
सबै बाँच्ने छौँ ।
।७८।

धनले मात्रै
खुसी मिल्न सक्दैन
शान्ति चाहिन्छ ।
।७९।

अरूको सिको
गरी चढ्न खोज्दा त
तल खसिन्छ ।
।८०।

यात्राको बिन्दु
निश्चित हुनुपर्छ
नत्र पुगिन्न ।
।८१।

शिखर पुग्ने
इच्छा राखेर मात्र
पुग्न सकिन्न ।
।८२।

प्रयास गर्ने
बानीले सफलता
दिलाउँछ नै ।
।८३।

नदी तार्नेको
गुनलाई नबिसौँ
सम्झिने गरौँ ।
।८४।

एक माघले
जाडो जाँदैन होला
प्रतीक्षा गरौँ ।

।८५।

सबैका लागि
साझा पाएको लाई
आफ्नो नठानौँ ।

।८६।

अरू बिगारी
आफू बन्ने नगरौँ
सबै बनिन्छ ।

।८७।

अरूको आश
नगर्ने सुखी हुन्छ
सबैले जानौँ ।

।८८।

गर्न नसक्ने
काम सोच्दै नसोचौँ
भलाइ हुन्छ ।
।८९।

नजिक हेरौँ
खाडलमा परिन्न
लक्ष्यमा पुग्छौँ ।
।९०।

गहिराइको
पहिचान गरौँ है
पौडिनलाई ।
।९१।

सँगै बस्नेले
सबै कुरा बुझ्दछ
सतर्क रहौँ ।
।९२।

अतीतलाई
सम्झेर वर्तमान
बिगार्न हुन्न ।
।९३।

भविष्यलाई
बिगार्ने उद्देश्यले
काम नगरौँ ।
।९४।

बुझ्नेकाले नै
बढी बिगार गर्छन्
अरूले भन्दा ।
।९५।

न्याय गर्नेले
नाता बिर्सनुपर्छ
नत्र बिग्रिन्छ ।
।९६।

स्वार्थ बोकेका
साथीहरूले सधैँ
साथ दिँदैनन् ।
।९७।

बत्ती निभेमा
छायाले छोडिदिन्छ
एक्लो परिन्छ ।
।९८।

खुसी भएमा
हाँस्न मन लाग्नेछ
नत्र के हाँस्नु ।
।९९।

पानी हुँदा पो
पोखरी हुने रे'छ
नहुँदा पाखो ।
।१००।

कतै हाँसो छ
रुनेको कमी छैन
संसारै त हो ।
।१०१।

जति हाल्दा नि
नभरिने भाँडो रे'छ
मान्छेको पेट ।
।१०२।

लक्ष्यविनाले
काम गराइ व्यर्थ
समय खेर ।
।१०३।

नबुझी बोल्नु
आफैँ हल्का हुनु हो
बुझेर बोलौँ ।
।१०४।

शरीर सफा
भएर मात्र हुन्न
मन हुनुछ ।
।१०५।

नपाएसम्म
तारिफ धेरै गर्ने
पछि धकेल्ने ।
।१०६।

पारिलो घाम
फुर्सदिलो समय
मजाले बसौँ ।
।१०७।

हुँदाको नाता
नहुँदामा सकिन्छ
आजको मान्छे ।
।१०८।

अरूको हात
पुगेको धनलाई
लिन गाह्रो छ ।
।१०९।

धनबाट नै
मन फेरिन थाल्छ
नहुँदा राम्रो ।
।११०।

जरा नभए
रुख कसरी अड्छ
लडिहाल्छ नि ।
।१११।

खाली भाँडाले
ठूलो स्वर निकाल्छ
भाँडो भर्नुछ ।
।११२।

सरल बने
सजिलैसँग बाँच्न
सकिने हुन्छ ।
।११३।

सरल बन्न
त्यति सजिलो छैन
बन्न सकिन्छ ।
।११४।

दृढ अठोट
कार्य सफल पार्न
अनिवार्य छ ।
।११५।

रोएर हैन
हाँसेर बाँच्न सिकौँ
हामी सबैले ।
।११६।

यात्रुले दूरी
विचार गरेर नै
गति लिनुछ ।
।११७।

आफू असल
जगतै असल छ
प्रयास गरौँ ।
।११८।

खराब काम
परिणाम खराब
नगर्दा बेस ।
।११९।

सुखमा छोटो
दुःखमा लामो दिन
लागेको हुन्छ ।
।१२०।

बढी नबोल्नु
गरेर देखाउनु
बेस यसैमा ।
।१२१।

राम्रो चरित्र
शृङ्गार त्यही नै हो
अरू पर्दैन ।
।१२२।

फूलको बास्ना
सबैको मन जित्न
सफल हुन्छ ।
।१२३।

पद पाउन
गलत परिपाटी
ठिक होइन ।
।१२४।

अरूको दोष
खोजेर हिँड्ने बानी
राम्रो होइन ।
।१२५।

आफूभित्रको
खराबीलाई खोज्नु
आवश्यक छ ।
।१२६।

अरूको आँसु
हेरेर हाँस्न हुन्न
सेवा गर्नुछ ।
।१२७।

पानी सबैको
फोहोर सफा गर्छ
त्यो सफा भए ।
।१२८।

साथ नहुँदा
इच्छा पो बढी हुने
कसले बुझ्ने ।
।१२९।

भोकाको लागि
जसरी भए पनि
पेट भर्नुछ ।
।१३०।

जसरी पनि
जम्मा गर्ने काम
ठिक होइन ।
।१३१।

सिप नभए
सिक्ने प्रयास गर्नु
सफल हुन्छौ ।
।१३२।

पानी नपरी
छाता ओड्नुहुन्न
घाममा पनि ।
।१३३।

हल्लामा हिँड्नु
मूर्खहरूको काम
बुझेर हिँडौं ।
।१३४।

आफू बसेको
घर भत्किन हुन्न
सबैले सोचौं ।
।१३५।

विस्तार गरौं
सबैसँग मिलेर
सफल हुन्छौं ।
।१३६।

भेटेको वस्तु
हराएर नै जान्छ
चिन्ता नगरौँ ।
।१३७।

सबै प्राणीमा
बाँच्ने कला रहन्छ
दैवको इच्छा ।
।१३८।

चरन छैन
चौँरी कसरी पाल्ने
रहर मात्रै ।
।१३९।

कपाल छैन
चुल्ठो बाट्ने रहर
पूरा होला त ।
।१४०।

अर्काका लागि
पाठ गर्ने मान्छेले
पुण्य पाउला ।
।१४१।

हावामा रङ्ग
मूर्खले मात्र खोज्छ
भेट्नु पऱ्यो नि ।
।१४२।

पानीमा खेल्दा
जमिन भुल्नु हुन्न
मान्छे हो भने ।
।१४३।

खाँचो पर्दा पो
साँचोको याद हुन्छ
सबै यस्तै हो ।
।१४४।

दियोको बत्ती
हावाले पनि निभ्छ
छुट्टै भूमिका ।
।१४५।

लुकेर हान्छ
नदेखिने शत्रुले
देख्न पाए त ।
।१४६।

बिगार्न चाँडो
सबैले गर्न सक्ने
छिटै चिनिने ।
।१४७।

झुटो बोल्नेले
साँचो साबित गर्न
कसम खान्छ ।
।१४८।

नयाँ पुजारी
बढी व्यस्त देखिन्छ
पछि हेरौँला ।
।१४९।

फुलेको फूल
सधैँ बस्न मिल्दैन
झर्नु नै पर्छ ।
।१५०।

न्याय गर्नेले
नाता बिर्सनलाई
सक्नुपर्‍यो नि ।
।१५१।

बुई चढेर
मइमत्त हुँदै छौँ
पछि देख्नेछौँ ।
।१५२।

हलुका वस्तु
तैरिने खाल्को हुन्छ
छिटै डुब्दैन ।
।१५३।

सङ्ग्रहबाट
समस्या सुरु हुन्छ
कसले बुझ्यो ।
।१५४।

स्वार्थ जोडेको
सम्बन्ध बेस हुन्न
नजोड्नु बेस ।
।१५५।

पानी सुकेको
खोलामा माछा हुन्न
कमिला हिँड्छन् ।
।१५६।

भकारी खाली
मुसा दौडिने ठाउँ
भोका मानिस ।
।१५७।

शस्त्रको चाङ
मार्न नसकेपछि
व्यर्थको धाक ।
।१५८।

अरूको हेर्दा
रमाइलो लाग्दछ
भोग्दामा दुःख ।
।१५९।

काम नगर्ने
अरूको भर पर्ने
नाथे मानिस ।
।१६०।

आफू नगर्ने
गर्नेको रिस गर्ने
पछ्यार्नुपर्ने ।
।१६१।

आफू नै राम्रो
यस्तै हो हाम्रो बानी
दिनेमा चाम्रो ।
।१६२।

बिग्रेको घर
झगडा मात्र हुने
नास निश्चित ।
।१६३।

पृथ्वी आफ्नै हो
खुसी साथ बस्नु छ
सोच बदलौँ ।
।१६४।

सँगै बसेर
टाढा हुनुभन्दा त
नबस्नु बेस ।
।१६५।

सिसाको घर
फुट्ने त पक्कै छ नि
कहिले फुट्छ ।
।१६६।

ढुङ्गाको मूर्ति
बोलेको सुनिँदैन
पाउने के हो ।
।१६७।

कागजको फूल
देख्दा धेरै राम्रो छ
बास्ना हुँदैन ।
।१६८।

मायाको चिनो
सम्हालेर राख्नुछ
अमूल्य वस्तु ।
।१६९।

कपटी मन
बनावटी चरित्र
जिउँदो भूत ।
।१७०।

चम्किलो वस्तु
आँखालाई बिगार्छ
नहेर्नु राम्रो ।
।१७१।

लोभी चरित्र
नअघाउने पेट
दरिद्र सोच ।
।१७२।

बोतल नयाँ
रक्सी त पुरानै छ
स्वाद उस्तै छ ।
।१७३।

लखेट्नुपर्छ
भेट्नु चाहिँ हुँदैन
भलो यसैमा ।
।१७४।

बोक्रा हेरेर
गुण पत्ता लाग्दैन
भित्र अर्कै छ ।
।१७५।

रातको अन्त्य
दिनको सुरुवात
समय चक्र ।
।१७६।

अर्काको छोरो
चिन्नु न जान्नु केही
कसरी बाँच्ने ।
।१७७।

छोरीको जन्म
दुःखको सागर हो
तर्ने कसरी ।
।१७८।

जन्मिँदा रुने
मर्दा हाँसिरहने
आफू मात्र हो ।
।१७९।

सेतो कपडा
कालो दाग लागेछ
धुने कसरी ।
।१८०।

पाकेको फल
खान खोज्ने धेरै छन्
कहिले झर्ला ।
।१८१।

दुब्लो मानिस
छिटै रिसाइहाल्ने
सहनैपर्‍यो ।
।१८२।

पाकेको फल
हल्का हावाले झर्छ
स्वाभाविकै हो ।
।१८३।

बैगुनीलाई
सहयोग गर्नु त
मूर्ख काम हो ।
।१८४।

जवानी ढल्यो
केही गर्न सकिएन
घाम ताप्दै छु ।
।१८५।

मिठो खोज्नेले
जाँगरिलो बनौ है
नत्र मिल्दैन ।
।१८६।

दिन सजिलो
लिन कठिन हुने
पैसाको गुण !
।१८७।

रिस आगो हो
आफैँलाई पोल्दछ
नगर्नु जाती ।
।१८८।

अरूका लागि
खनेको खाल्टोभित्र
आफैँ खसिन्छ ।
।१८९।

सबैको जाती
कोही पनि हुँदैन
कोसिस गरौँ ।
।१९०।

यात्राको तय
आफ्नै गोडामा भा'को
जुत्ताले गर्छ ।
।१९१।

विश्वको तौल
आफूसँग तुलना
गर्न मिल्दैन ।
।१९२।

सबैको डर
आफूभित्रबाट नै
जन्मिने गर्छ ।
।१९३।

आफू जस्तो छ
ऊ अरूलाई पनि
त्यस्तै देख्दछ ।
।१९४।

मिठो बोलीले
सबैको मन जित्छ
सफल बन्छ ।
।१९५।

अरूको भर
सप्रिने पो को छ र
कामै नगर ।
।१९६।

वस्तु हेरेर
विश्वास गर्नुपर्छ
मूर्ख बनिन्छ ।
।१९७।

अर्काको भारी
लच्छारी र पच्छारी
वारि न पारि ।
।१९८।

दुःख सम्झिँदा
पुनः दुःखी भइन्छ
बिर्सिनु बेस ।
।१९९।

आफूसँगको
वस्तु मात्र आफ्नो हो
बाँकी अरूको ।
।२००।

श्रम रोपेर
सम्पत्ति फलाउने
प्रयास गरौँ ।
।२०१।

काम फरक
सम्झनु ठिक हुन्न
समान सम्झौँ ।
।२०२।

तल झरेको
मानिस शिखरमा
पुग्न सक्दैन ।
।२०३।

स्वर्ग नखोजौँ
धर्तीलाई बनाऔँ
देवता बनौँ ।
।२०४।

सम्मान गरौँ
सबै मानिसलाई
असल बनौँ ।
।२०५।

स्वदेश छोडी
अर्काको देश जाँदा
पीडा नै पीडा ।
।२०६।

जाँगरविना
हातमुख जोडिन्न
कसरी बाँच्ने ।
।२०७।

झुटको खेती
गफैगफ मात्र छ
बन्ने हो भ्रष्ट ।
।२०८।

लुटेको धन
बसीबसी खाएको
पखाला लाग्यो ।
।२०९।

जन्मेको ठाउँ
माया लाग्नु ठिकै हो
तर के गर्नु ।
।२१०।

सोचेको जस्तो
हुँदैन जीवनमा
रीत अर्कै छ ।
।२११।

सबैले सुख
पाऊन् भन्ने नै सोचौँ
सुख नै मिल्छ ।
।२१२।

सिकार गर्न
सिंह आफैँ दगुर्छ
भेट्छ पनि त्यो ।
।२१३।

बाटामा पर्ने
काँडा आफैँ पन्छाऊ
अगाडि बढ्न ।
।२१४।

सानो वस्तुमा
लोभ गर्ने मान्छेले
ठूलो पाउन्न ।
।२१५।

टाढाको वस्तु
राम्रो देखिने हुन्छ
यथार्थ अर्कै ।
।२१६।

आफूमा जे छ
त्यसैमा रमाउनू
सुख मिल्नेछ ।
।२१७।

मिठो बोलीले
सबैलाई जितिन्छ
प्रयास गरौँ ।
।२१८।

वर्षाको पानी
कति धेरै पर्ने हो
बाटामा खोलो ।
।२१९।

खेतमा घर
बन्यो ठूलो सहर
सोचको कमी ।
।२२०।

छोटा कपडा
लगाउन सजिलो
बस्न नमिल्ने ।
।२२१।

कसिलो जिउ
हँसिलो छ मुहार
टिपौं झैं लाग्ने ।
।२२२।

टाढाको खेती
रेखदेखको कमी
व्यर्थैको दुःख ।
।२२३।

आमाको आँसु
नदेख्ने सन्तानको
बाटो बन्द भो ।
।२२४।

पढ्नु नपर्ने
सजिलो काम छ यो
नेता बन्नु है ।
।२२५।

राजनीति हो
झुठो बोल्नुपर्छ नि
नत्र जितिन्न ।
।२२६।

सोझो औंलाले
घिउ आउँदैन रे
सबैले बुझौं ।
।२२७।

लुटेको धन
लुकाउन गाह्रो भो
चिन्ता यसैको ।
।२२८।

अँधेरी रात
जूनकिरीको साथ
अप्ठेरो बाटो ।
।२२९।

वर्षाको भेल
खोलापारिको गोठ
जाने कसरी ।
।२३०।

प्रतीक्षापछि
प्राप्त भएको वस्तु
मिठो हुन्छ नै ।
।२३१।

मह काढ्नेले
हात चाट्ने नै हो नि
अति नगरौँ ।
।२३२।

जसरी पनि
कमाउने नै हो र
नेताज्यूहरू ।
।२३३।

गरिब देश
धनी जनता हुनु
के अर्थ भयो ।
।२३४।

आफ्नैहरूको
उन्नति गर्ने भए
फरक के भो ।
।२३५।

समानताको
हल्ला गरेको मात्रै
नहुने रै'छ ।
।२३६।

बिगारेपछि
बनाउने गरौँ न
मान्छे हुन्छौँ कि ।
।२३७।

लत बसेमा
छुट्न गाह्रो हुनेछ
सबैमा यस्तै ।
।२३८।

दिन गनेर
बाँच्ने मान्छेले पनि
विकास गर्छ ?
।२३९।

धमिलो पानी
माछा मार्नेको भिड
पल्केका माझी ।
।२४०।

बुझेर पनि
बुझ पचाउनेले
जे पनि गर्छ ।
।२४१।

रुख चढाई
फेद काट्ने मान्छेको
भर नपर्नू ।
।२४२।

पैसाका लागि
प्रेमको नाटक त
धोखा दिनु हो ।
।२४३।

मानिस मात्र
धन आर्जन गर्छ
बाँच्नका लागि ।
।२४४।

राजनीतिमा
इमान्दारी हुन्न है
बुझ्ने यही हो ।
।२४५।

माग्नेको हात
जहिले पनि तल
बानी बदलौँ ।
।२४६।

पहेँलो धान
सबै सुन हुँदैन
झुक्किनुहोला ।
।२४७।

हतार गर्दा
काम बिग्रिन सक्छ
बिस्तारै गरौँ ।
।२४८।

सबै ढुङ्गामा
शालिग्रामको गुण
हुन सक्दैन ।
।२४९।

छोडेर जाने
साथी हुन सक्दैन
पर्खन सिकौँ ।
।२५०।

गरिबी रोग
श्रम गरेर निको
पार्न सकिन्छ ।
।२५१।

देश रहेमा
पहिचान रहन्छ
हामी रहन्छौँ ।
।२५२।

पर्खाइपछि
भेट्दाको मजा छुट्टै
सबैका लागि ।
।२५३।

मायाको अर्थ
बिगार्ने काम भयो
राम्ररी बुझौँ ।
।२५४।

डालीको चरी
कता गयो उडेर
चरी फरर ।
।२५५।

भागबन्डाको
परम्परा घटेन
सबै देखियो ।
।२५६।

देश खोक्रो भो
हर्ताकर्ता मोटाए
गरिब उस्तै ।
।२५७।

कमाइ छैन
खर्च धेरै गर्नुछ
चल्ने कसरी ।
।२५८।

मागेको भर
देश कसरी चल्ला
विचार गरौँ ।
।२५९।

किनेर भन्दा
फलाएर खानु छ
देशले अब ।
।२६०।

आयात हैन
निर्यात गर्नेतिर
लाग्नुछ देश ।
।२६१।

नयाँ वस्तुको
आविष्कारमा पनि
ध्यान दिनु छ ।
।२६२।

अति आशक्ति
कसैको हित हुन्न
संयम गरौँ ।
।२६३।

ज्ञान लिनु छ
अभिमान त्याग्नुछ
दान दिनु छ ।
।२६४।

घमन्ड गर्नु
कुनै पनि कुरामा
ठिक हुँदैन ।
।२६५।

विकाससँगै
विनास पनि हुन्छ
गर्न नजाने ।
।२६६।

उत्रिन सक्दा
पौडिन जानु ठिक
नत्र डुबिन्छ ।
।२६७।

बाटो नहेरी
हिँड्यो भने लडिन्छ
दोष दिने र !
।२६८।

न्याय खोज्नेले
आफैँ अदालतमा
जानु पर्छ नै ।
।२६९।

फल खोज्नेले
रोप्न सक्नुपर्नेछ
नत्र पाइन्न ।
।२७०।

हेरेरभन्दा
गरेर पो सिकिन्छ
ठिक छैन र ।
।२७१।

फल टिप्नेले
हाँगा भाच्नु हुँदैन
होस पुऱ्याऔँ ।
।२७२।

कर्तव्य गर
अधिकार मिल्छ नै
खोज्नुपर्दैन ।
।२७३।

जोडौँ यसरी
जोडिएको नदेखौँ
यस्तो होला र ?
।२७४।

सिँत्तैमा पाए
जे पनि लिन हुन्न
यस्तै देखिन्छ ।
।२७५।

चस्माको सिसा
फरक रङ्गको पर्दा
सबै फेरिन्छ ।
।२७६।

कागजी फूल
सुन्दर भए पनि
बास्ना दिँदैन ।
।२७७।

मान्छेको मन
परिवर्तन हुन
बेर लाग्दैन ।
।२७८।

जनतालाई
भ्रममा सधैँ राख्न
सकिएला र ?
।२७९।

विरोध गर्न
धेरै सजिलो हुन्छ
गर्न कठिन ।
।२८०।

काम गर्नेको
नियत राम्रो भए
कुरा नकाटौँ ।
।२८१।

चाहनेसँग
बढी समय रहूँ
आनन्द मिल्छ ।
।२८२।

दुःखमा एक्लै
सुखमा धेरै साथी
सत्य यही हो ।
।२८३।

परिवार हो
मिलेर बस्दासम्म
स्वर्ग नै हुन्छ ।
।२८४।

मन नमिले
अलग बस्नु बेस
प्रगति हुन्छ ।
।२८५।

समाज सेवा
कमाउने उद्देश्य
ढोँगी चरित्र ।
।२८६।

नेताको बोली
तस्बिरको जिलेबी
काम हुँदैन ।
।२८७।

हातमा हुँदा
गर्न नसक्नेलाई
पछुतो हुन्छ ।
।२८८।

नजान्नेलाई
दक्षता देखाउन
हतार हुन्छ ।
।२८९।

पाएर पनि
सदुपयोग गर्न
नजान्ने प्राणी ।
।२९०।

घमण्डी नेता
दुःख भोग्ने जनता
देश बन्ला त ?
।२९१।

भान्से आफैँले
पहिला पेट भर्ने
अरू त भोकै ।
।२९२।

आफू बनौँ न
हात परेको बेला
पछि जे पर्ला ।
।२९३।

भोको पेटमा
लडेर पाएका छौँ
खानु पऱ्यो नि ।
।२९४।

नदीको वेग
समुद्रमा रोकिन्छ
यात्रा सकियो ।
।२९५।

पिँधमा प्वाल
भरी पारेको रे'छ
चुहेर गयो ।
।२९६।

भुसको बोरा
हेर्दा ठूलो देखिन्छ
मूल्य कम छ ।
।२९७।

अर्काको लुगा
मागेर लगाएको
मिल्ने कसरी ।
।२९८।

खाली ठाउँ छ
जे पनि हाल्न मिल्ने
दोष आफ्नै हो ।
।२९९।

प्रयासबाट
प्राप्त भएको वस्तु
राम्रो लाग्दछ ।
।३००।

टुटेको चङ्गा
जहाँ पनि खस्नेछ
के हुनु छ र ?
।३०१।

सिक्न खोज्नेले
गल्तीबाट सिक्दछ
नयाँ ज्ञान भो ।
।३०२।

खल्ती खाली छ
खाऊँखाऊँ लाग्दछ
किन्ने केले हो ।
।३०३।

पर्सेको बोको
क्षणभरको आयु
अरूको इच्छा ।
।३०४।

वर्षाको पानी
बाढी पैरो जान्छ नै
सचेत रहौँ ।
।३०५।

सबैको सोच
एउटै हुनसके
अति नै बेस ।
।३०६।

गोडा कामेको
थाहा नहुनेलाई
पृथ्वी हल्लिन्छ ।
।३०७।

श्वासको गति
बन्द भएपछि त
मृत्यु नै हुन्छ ।
।३०८।

आगो र पानी
जहाँ पनि चाहिने
मान्छेका लागि ।
।३०९।

बाल्यकाल नै
आनन्दको बेला हो
पछि त दुःख ।
।३१०।

सबै वृक्षले
फल दिन सक्दैन
आश नगरौँ ।
।३११।

कुरा सुनेर
कर्तव्य छोड्नु हुन्न
सबैले जानौँ ।
।३१२।

असलीभन्दा
नक्कली नै टल्किन्छ
चिन्नै नसक्ने ।
।३१३।

आँसु देखेर
हाँस्नेसँगको साथ
छोड्नु नै बेस ।
।३१४।

पात झर्दैमा
सुकेको हुन्न
नयाँ आउँछ ।
।३१५।

पूर्व संस्कार
हटाउन गाह्रो छ
बल्झिरहन्छ ।
।३१६।

अहङ्कारले
सत्य भुलाइदिन्छ
कुठाउ पुग्छ ।
।३१७।

पाकेको बेल
बाँदरको हातमा
हेर्ने मात्र हो ।
।३१८।

गल्ती गर्नेले
माफी माग्नु नै राम्रो
यसैमा हित ।
।३१९।

अर्काको बाली
सधैँ नै राम्रो लाग्ने
मान्छेको बानी ।
।३२०।

बोलेको कुरा
पुऱ्याउनुपर्दछ
नबोल्नु जाती
।३२१।

आमाको पीडा
आमा बने बुझिन्छ
नत्र बुझिन्न ।
।३२२।

जति धेरै भो
अझ थप्न चाहन्छ
मान्छेको मन ।
।३२३।

चाहेको मिल्छ
कोसिस गर्नुपर्छ
आजको युग ।
।३२४।

आयु छोटो छ
गर्ने काम धेरै छ
कोसिस गरौँ ।
।३२५।

फलामलाई
फलामले नै काट्छ
सत्य यही हो ।
।३२६।

आमाको माया
बुझ्न नसक्ने मान्छे
पृथ्वीको भार ।
।३२७।

झुटको खेती
चरित्रको लिलाम
बिचरो मान्छे ।
।३२८।

आफू बिगार्ने
अरूमा दोष हाल्ने
पापी विचार ।
।३२९।

खुला हृदय
सोचमा पवित्रता
शान्त जीवन ।
।३३०।

सङ्लो पानीमा
अनुहार देखिन्छ
आफैँले हेरौँ ।
।३३१।

जीवनलाई
जगत्सँग जोडेर
जाँची हेरौँ त !
।३३२।

मृत्यु सत्य हो
जगत् मिथ्या नै त हो
बुझ्नु राम्रो छ ।
।३३३।

जन्मिँदा सबै
समान हुने हुन्छ
पछि फेरिन्छ ।
।३३४।

खुसी नमिल्ने
ठाउँमा नजानु है
यसैमा बेस ।
।३३५।

फर्केर हेर्दा
उनैलाई देखियो
जो हिँड्दै थिए ।
।३३६।